मिति : २०७५।०१।२५

समय : बिहान ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल बैशाख २५ गते मंगलबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको २८ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री बिष्णुप्रसाद सापकोटा | का.वा. वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री प्रतापसिं थापा | का.वा. वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री सहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री जितबहादुर श्रेष्ठ | का.वा. वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी कामी | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री ध्यानकुमार थापा | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

**प्रस्तावहरू**

१. जनतासंग आमने सामने कार्यक्रमको समिक्षा ।

२. योजना फरफारक सम्बन्धमा ।

३. एकिकृत संपत्ति कर ।

४. नियम, निर्देशिका लगायत कार्यविधि सम्बन्धमा ।

क) टोल विकास संस्था संचालन कार्यविधि सम्बन्धमा ।

ख) बाल संरक्षण नीति ।

ग) 'घ' बर्गको निर्माग ब्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि ।

घ) सुशासन प्रबर्द्धन रणनीति तथा कार्य योजना ।

ङ) न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिको सम्बन्धमा ब्यवस्था गर्न बनेको विद्येयक ।

च) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि ।

छ) नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विद्येयक ।

ज) नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि ।

५. घर संरचनाको लगत कट्टा सम्बन्धमा ।

६. साविक गाविसमा स्वीकृत लिई निर्माण भएका संरचनाको अभिलेखिकरण गर्ने सम्बन्धमा ।

७. विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा २०७५।०१।०२ देखि २०७५।०१।१६ सम्म संचालित जनतासंग आमने सामने कार्यक्रम बारे समिक्षा गरियो, यसलाई अझ थप प्रभावकारी बनाउन मौसम अनुकुलको समय निर्धारण, पर्याप्त समय, कार्यक्रम ब्यवस्थापनलाई वडागत बजेट, वडागत रुपमा उपलब्ध सेवा लगायत संचालित योजना तथा कार्यक्रमको विवरण प्रस्तुत गर्नु उपयुक्त हुने निश्कर्ष सहित कार्यक्रम समग्रमा सफल रहयो । साथै कार्यक्रम संचलनमा सहजीकरण गर्ने सारथी नेपाललाई धन्यवाद ब्यक्त गरियो ।

२. प्रस्ताव नं. १ उपर छलफल गर्दा पेश्की बेरूजु तथा योजना फरफारक समितिको मिति २०७५।०१।२१ र २४ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | परर्खालचौर बुढा पोखरी मोटर बाटो | १ | ५००,०००।- | |
| २ | परर्खालचौर सिलिङ्गे भज्याङ्ग चिसापानी मोटर बाटो | १ | १०,००,०००।- | |
| ३ | फुलचोकी नि.मा.वि. फर्निचर | २ | २००,०००।- | |
| ४ | सूर्यज्योती नि.मा.वि. फर्निचर | २ | २००,०००।- | |
| ५ | चाम्ले विर्तागाउँ जरिङ्गे गोलडाँडा नयाँगाउ गुर्दुम मोटरबाटो | २ | १०,००,०००।- | |
| ६ | बाउन चोर मोटर बाटो | १२ | ५००,०००।- | |
| ७ | गोपेपाखा गुरुङ्ग गाउँ डाडा गाउँ दुम्सी डाडा मोटरबाटो | १२ | ८००,०००।- | |

२०७५।१।२९
ध्यानकुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रतिलिपि अनुसार
२०७५।०१।२६
इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८ | भालेश्वर मन्दिर कम्पाउण्ड तथा सिंढी निर्माण | १२ | ४००,०००।- | |
| ९ | भालेश्वर चौर रोशी बजार पुलसम्म ड्रेन र पेटी निर्माण | १२ | १५,००,०००।- | |
| १० | कपालकोट खानेपानी पाईप लाईन विस्तार | ७ | ५००,०००।- | |
| ११ | दुधमिल गोरखनाथ फेदी सडक | ६ | ३००,०००।- | |
| १२ | गणेशस्थान देवीस्थान मोटर बाटो स्तरोन्नती कार्य | ६ | १०,००,०००।- | |
| १३ | दलिन्चोक खेल मैदान | ६ | ४००,०००।- | |
| १४ | डाँडागाउँ मोटर बाटो स्तरोन्नती कार्य | ९ | ५००,०००।- | |
| १५ | लाकुरी बोट देखि जुजुगाउँ हुँदै पनौती-९ खल्थली जोड्ने बाटो फराक | १० | १०,००,०००।- | |
| १६ | श्रीकृष्ण प्रणामी मन्दिर उकालो बाटो र मकैटार उकालो बाटो ढलान (श्री गणेश मार्ग र कालीदेवी मार्ग बाटो फराक, पक्की नाली र ग्रावेल कार्य मिति ०७४।०६।०१ को निर्णय अनुसार संशोधन) | १० | १०,००,०००।- | |

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा एकिकृत संपत्ति कर मूल्याङ्कनको आधार तय गरि सिफारिश गर्न देहाय बमोजिम नगरस्तरिय मूल्याङ्कन समिति गठन गर्ने साथै नगरस्तरिय समितिको काममा सहयोग पुऱ्याउन वडा स्तरिय समिति समेत गठन गर्ने निर्णय गरियो ।

क) नगरस्तरिय समिति

| | |
|---|---|
| उप-प्रमुख श्री गीता बन्जारा | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वडा अध्यक्ष श्री गुणनाथ सापकोटा | सदस्य |
| वडा अध्यक्ष श्री तारामान लामा | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |
| उ.वा. संघ अध्यक्ष | सदस्य |
| करदाता श्री केशव थापा पनौती-८ | सदस्य |

ख) वडास्तरीय समिति

| | |
|---|---|
| संयोजक | सम्बन्धित वडाको वडा अध्यक्ष |
| सदस्य | वडा समितिले तोकेको ब्यवसायी मध्येबाट १ जना |
| सदस्य | सम्बन्धित क्षेत्रमा अनुभवि, वडाले तोकेको १ जना |
| सदस्य | स्थानीय उच्च विद्यालयको प्र.अ. १ जना |
| सदस्य सचिव | सम्बन्धित वडा सचिव |

## समितिको जिम्मेवारी

साविकको वडामा लागु भएको एकिकृत सम्पत्तिकरका हकमा आवश्यक भए पुनरावलोकनको सिफारिश गर्ने । गाविसबाट रूपान्तरित भएका नयाँ वडाको हकमा न.पा. ले उपलब्ध गराएको आधार मुल्यमा छलफल गरि नगरस्तरीय समितिमा सिफारिश गर्ने ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकाको लागि आवश्यक भएका मध्ये निम्न विधेकय, नियम, कार्यविधिहरू माथी आवश्यक छलफल तथा सिफारिशका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

तपशिल :

क) टोल विकास संस्था संचालन कार्यविधि ।

ख) बाल संरक्षण नीति ।

ग) 'घ' बर्गको निर्माण ब्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि ।

घ) सुशासन प्रबर्द्धन रणनीति तथा कार्य योजना ।

ङ) न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिको सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक ।

च) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि ।

छ) नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक ।

ज) नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा आफ्नो कित्तामा घर संरचना भई लगत कायम रहेका तर हाल संरचना भत्कि, भत्काई जग्गा खालि रहेकोमा सो संरचनाको लगत कट्टा गरिदिने तर साविकको संरचनामा कच्चीको ठाउँमा पक्की संरचना बनेको भए आवश्यक विवरण सहितको प्रमाण पेश गरे पश्चात लगत कायम गरिदिने ब्यवस्था मिलाउने साथै घर संरचनाको लगत कट्टा गर्ने सम्बन्धमा सम्बन्धित वडाको किटानी सिफारिश प्राप्त भएको आधारमा लगत कट्टा गरिदिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा नगरपालिका गठन पश्चात मापदण्ड लागु हुनुपुर्व साविक गाविसको निर्णय अनुसार कायम भएको मापदण्डका आधारमा वडा कार्यालयहरूबाट इजाजत प्राप्त प्राविधिकहरूले नक्सा बनाई सम्बन्धित प्राविधिकले समेत सिफारिश गरेका आधारमा तोकिएको राजश्व लिई वडाले प्रमाणीकरण गरेको घर नक्सालाई मान्य हुने गरी अभिलेखिकरण गर्ने निर्णय गरियो ।

७. विविध ।

क) सम्बन्धित वडाको सिफारिशमा देहाय बमोजिमका स्वीकृत योजनाहरू संशोधन गर्ने निर्णय गरियो ।

| वडा नं | स्वीकृत योजनाको नाम | विनियोजित रकम | संशोधित गरि कायम योजनाको नाम |
|---|---|---|---|
| ८ | ठुलो पंधेरोबाट खलाको पाटी सडक | २ लाख | गैंडाको बाटोबाट पूर्णको घर हुँदै वडा कार्यालयसम्म सडक विस्तार |
| ७ | सरस्वती खेलबाट सिरानचौर निस्कने बाटो निर्माण | ५ लाख | सरस्वती खेल प्रांगणमा ढुगा छाप्ने कार्य |

ख) महिला बालबालिका तथा जेष्ठ नागरिक एवं अशक्त नागरिकका लागि नेपाल सरकारबाट निम्न संस्थाहरुको नाममा कार्यक्रम उल्लेख गरि उक्त बजेट यस नगरपालिकामा प्राप्त भएकोले प्राप्त निकासा बमोजिमको रकम निम्न संस्थाहरूलाई स्वीकृत कार्यक्रम संचालन गर्न उपलब्ध गराउने निर्णय गरियो ।

क) नेपाल अपाङ्ग सेवा केन्द्र पनौती-१० अनुदान चालु खर्च रू. १ एकलाख ।

ख) जेष्ठ नागरिक सेवा केन्द्र पनौती- १० दिवा सेवा केन्द्र संचालन कार्यक्रम संचालन खर्च रू. २ दुई लाख ।

ग) प्राणनाथ माईती बृद्धाश्रम साविक पनौती -१० हाल ८ बृद्धाश्रम भवन निर्माण रू. १५ पन्ध्रलाख ।

घ) प्राणनाथ माईती बृद्धाश्रम साविक पनौती-१० हाल ८ बृद्धाश्रम संचालन रू. ५ पाँचलाख ।

निर्णय प्रतिलिपी उतार

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत